# प्रेस काउन्सिल नेपाल ऐन, २०७४ (मस्यौदा)
# माथिको प्रारम्भिक टिप्पणी


**फ्रिडम फोरम**

थापाथली, काठमाडौँ

फोन नं. ०१-४१०२०२२, ४१०२०२२

फ्याक्स नं.-०१-४२२६०९९

पोस्टबक्स नं २४२९२

इमेल : info@freedomforum.org.np

वेभसाइटः www.freedomforum.org.np

# प्रेस काउन्सिल नेपाल ऐन, २०७४ (मस्यौदा)
## माथिको प्रारम्भिक टिप्पणी

विद्यमान प्रेस काउन्सिल ऐन, २०४८ लाई खारेज गरी नयाँ ऐन जारी गर्नका लागि प्रेस काउन्सिलले **प्रेस काउन्सिल नेपाल ऐन २०७४** को प्रस्तावित मस्यौदा विधेयक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पेश गरेको छ। प्रेस काउन्सिलको नयाँ ऐन बनाउने प्रक्रियामा मन्त्रालय समेत संलग्न रहेको बुझिएको छ। काउन्सिलले तयार पारेर मन्त्रालयमा बुझाएको उक्त मस्यौदा विधेयकमा भएको प्रावधानमा आधारित रही तयार पारिएको यो ३-महले तालिका हो। यस विधेयकमा रहेका केही २६ मध्ये १७ बटा अस्पष्ट र असान्धर्भिक दफाहरू माथि टिप्पणी गरी सुझाव दिइएको छ। यो ३-महले तालिका प्रस्तावित प्रेस काउन्सिल नेपाल ऐन २०७४ ले प्रेस काउन्सिललाई प्रदान गरेको **क्षेत्राधिकार, संरचना, काउन्सिलको काम कर्तव्य र अधिकार तथा आर्थिक व्यवस्थापनका क्षेत्रमा काउन्सिलको स्वतन्त्रता मा** केन्द्रित रहेको छ। यस तालिकामा मुख्य प्रस्तावित व्यवस्था, त्यस उपरको टिप्पणी र सुझाव प्रस्तुत गरेका छौं।

हामीलाई प्राप्त भएको र यस टिप्पणीको आधारका रुपमा रहेको मस्यौदा विधेयकलाई यसै टिप्पणीको अन्तिम खण्डमा समावेश गरिएको छ।

| दफा/खण्ड | प्रस्तावित व्यवस्था | टिप्पणी | सुझाव |
|---|---|---|---|
| प्रस्तावना खण्ड | - पत्रकारिता पेशालाई मर्यादित, उत्तरदायी, जिम्मेवार एवं अझ बढी विश्वसनीय बनाउन,<br>- व्यक्ति, सरकार र आमसञ्चार माध्यमबीच सौहार्द्रपूर्ण सहजकर्ताको भूमिका निर्वाह गर्न,<br>- पेशागत उच्चतम आचरण कायम राख्दै स्वस्थ, स्वच्छ र स्वतन्त्ररुपमा पत्रकारिताको विकास, संरक्षण तथा समयानुकूल सम्बर्द्धनका लागि<br>- सञ्चारक्षेत्रको नियामक निकायको रुपमा<br>- स्वायत्त र अर्धन्यायिक प्रकृतिको प्रेस | - व्यापक उद्देश्य,<br>- क्षेत्राधिकार र अधिकारहरूमा वृद्धि गर्ने चाहना,<br>- दोहोरो अर्थ लाग्ने खालको अस्पष्ट र अनावश्यक शब्दहरू,<br>- प्रेस स्वतन्त्रताबारे मौन,<br>- काउन्सिलको क्षेत्राधिकारलाई नियामक निकाय र अर्धन्यायिक निकायका रुपमा स्थापित गरी विस्तार गर्न खोजिएको। | - प्रेस काउन्सिलको स्थापना निश्चित उद्देश्यका लागि हुन्छ।<br><br>- प्रेस काउन्सिलको औचित्य, काम र क्षेत्रबारे अन्तर्राष्ट्रिय अभ्यासलाई हेर्दा विशेषतः १) मिडियामा सम्प्रेसित सामग्रीविरुद्ध परेका उजुरीको सुनवाई गर्न, २) प्रेस स्वतन्त्रताको रक्षा गर्न र ३) अभिव्यक्ति स्वतन्त्रताको आधारमा नागरिक र प्रेस बीचको कर्तव्य र अधिकार सन्तुलित बनाउने, |

| | | | |
|---|---|---|---|
| | काउन्सिल नेपाल स्थापना र व्यवस्था गर्नु वाञ्छनीय भएकाले, | | उद्देश्यको लागि काउन्सिल जरुरी हुन्छ ।<br><br>- तसर्थ, प्रस्तावना खण्डमा बहुअर्थी र बृहत शब्दावलीको प्रयोग नगरी सामान्य रुपमा यो कानून के का लागि हो भन्ने शब्दमा समेट्दा उचित हुन्छ ।<br><br>- प्रेस काउन्सिलको भूमिका, क्षेत्राधिकार सम्बन्धमा सरोकारवालाहरूसँग सार्वजनिक परामर्श जरुरी । |
| दफा २ (परिभाषा) | ऐनको दफा २ ले निम्न लिखित परिभाषा थप गरेको छ ।<br>• विद्युतीय प्रशारण र अनलाइन पत्रकारिता २(च),<br>• छापा पत्रकारिता २(छ),<br>• साहित्यिक पत्रकारिता २(ज),<br>• विज्ञापन२(झ)र<br>• अनलाइन सञ्चारमाध्यम २(ञ) | - प्रस्तावित मस्यौदा विधेयकको परिभाषा खण्डलाई विचार गर्दा विद्यमान प्रेस काउन्सिल ऐनको तुलनामा नयाँ ऐनले मूलतः विद्युतीय प्रशारण, अनलाइन पत्रकारिता र विज्ञापन समेट्न खोजिको देखिन्छ । | - प्रस्तावित ऐनले आफ्नो परिधी व्यापक बनाई नयाँ विषयवस्तुहरूलाई प्रेस काउन्सिल अर्न्तगत नियमन गर्न खोजिएको देखिन्छ ।<br><br>- विद्यमान छापाखाना तथा प्रशारण ऐन र राष्ट्रिय प्रसारण ऐनलाई विस्थापित गरी राष्ट्रिय आमसञ्चार नीतिले औँल्याएका नयाँ संरचनागत सुझावहरूसमेत समेटी छाता ऐनका रुपमा आमसञ्चार ऐन तर्जुमा भइरहेको सन्र्दभमा काउन्सिलको प्रस्तावित ऐनमा धेरै कुराहरू |

| | | | |
|---|---|---|---|
| | | | दोहोरिएका छन् जुन असान्दर्भिक हुन सक्छ । |
| | दफा २ (च): विद्युतीय प्रशारण तथा अनलाइन पत्रकारिता: विद्युतीय प्रशारण तथा अनलाइन पत्रकारिता भन्नाले विद्युतीय अनलाइन सेवाअन्तर्गत आउने समाचार, लेख, अन्तर्वार्ता, टिप्पणी, श्रव्यदृश्य, सम्पादकीय, चलचित्र, लघु चलचित्र, वृत्तचित्रसमेतका समाचार सामग्री सम्झनुपर्दछ । | - विद्युतीय प्रशारण र अनलाइन पत्रकारिता भनेको भिन्न भिन्न विषय हुन । विद्युतिय प्रशारण हुँदैमा अनलाइन पत्रकारिता हुन्छ भन्ने हुँदैन । त्यसैगरी यस परिभाषामा विद्युतीय प्रशारण तथा अनलाइन पत्रकारिता भनेर समाचार सामग्रीलाई मात्र समेटिएको छ । | - पत्रकारितालाई माध्यम वा विषयवस्तुका आधारमा कानूनी रुपमा परिभाषा गर्नु उपयुक्त हुँदैन । माध्यमका आधारमा छापा पत्रकारिता, टेलीभिजन पत्रकारिता, रेडियो पत्रकारिता, अनलाइन पत्रकारिता भनेर कानूनी परिभाषा गरिनु अनावश्यक र अनुपयुक्त हो भने सोही किसिमले साहित्यिक पत्रकारिता, आर्थिक पत्रकारिता, शैक्षिक पत्रकारिता भनी विषयका आधारमा पत्रकारिताको कानूनी परिभाषा गर्नु पनि झनै अनावश्यक र अनुपयुक्त हो । यी परिभाषाहरू खारेज गरिनुपर्छ । |
| दफा ३ | स्वस्थ र मर्यादित पत्रकारिताको विकासका लागि नियमनकारी भूमिका निर्वाह गर्न नेपालमा २०२७ सालमा प्रेसकाउन्सिल नेपालको स्थापना भएको हो । | - दफा ३ मा उल्लेखित यो प्रावधान कुनै सारभूत वा कार्यविधिगत प्रावधान भन्दा पनि ऐतिहासिक तथ्य स्थापित गर्ने प्रावधान जस्तो देखिन्छ । प्रेस काउन्सिल ऐन २०४८ लाई खारेज गरी जारी हुन लागेको प्रेस काउन्सिल ऐन २०७४ मा “२०२७ सालमा प्रेस काउन्सिल नेपालको स्थापना भएको हो ।” भनी उल्लेख गर्नुको कुनै औचित्य देखिँदैन । | - प्रेस काउन्सिल ऐन २०४८ को दफा ३ मा “स्वस्थ पत्रकारिताको विकासको लागि प्रेस काउन्सिलको स्थापना हुनेछ” भनी उल्लेख भएकोमा विद्यमान मस्यौदामा *मर्यादित पत्रकारिता र नियमनकारी भूमिका निर्वाह गर्न* जस्ता शब्द थपिँदा सरकारको मनसाय **मर्यादित पत्रकारिताका नाममा नियन्त्रित पत्रकारिताको विकास** हो कि भन्ने |

| | | | |
|---|---|---|---|
| | | | देखिन्छ । |
| दफा ४: स्वशासित र स्वायत्त संस्था हुने । | ४(४): काउन्सिलले आफ्नो नामबाट नालिस, उजुर गर्न सक्नेछ । | - काउन्सिलले आफ्नो नामबाट नालिस उजूर गर्न सक्ने व्यवस्था गरिएको छ तर काउन्सिल लाई मुद्दा हाल्न मिल्ने वा नमिल्ने भन्ने विषयमा उल्लेख गरिएको छैन । | - यस प्रावधानसँग सम्बन्धित मननीय पक्ष के छ भने प्रचलित प्रेस काउन्सिल ऐन, २०४८ को दफा ४ (४) मा "काउन्सिलले आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ" भन्ने व्यवस्था गरिएको छ । हाल यस मस्यौदा विधेयकमा सोही प्रकृतिको प्रावधानमा "सोही नामबाट नालिस उजूर लाग्न सक्ने" व्यवस्था गर्दा काउन्सिलले आफू उपर मुद्दानै लगाउन नमिल्ने व्यवस्था ऐनमै मिलाई एकाधिकारको बाटोतर्फ अग्रसर हुन खोजेको भान हुन्छ । |
| | दफा ५ मा प्रेस काउन्सिलको उद्देश्यहरू उल्लेख भएका छन् । यस खण्डमा सबै उद्देश्य उल्लेख नगरी केही विवादास्पद उद्देश्य उल्लेख गरिएको छ । | - प्रेस काउन्सिल ऐन २०४८ मा काउन्सिलको उद्देश्य ५ वटा रहेको थियो भने हाल प्रस्तावित मस्यौदाले १२ वटा उद्देश्यको व्यवस्था गरेको छ । उद्देश्यहरूलाई हेर्दा ऐनले निकै व्यापक दायरा समेट्न खोजेको आभाष हुन्छ । | **यी नयाँ व्यवस्थाहरू अनावश्यक छन । यी सबै विषयहरू व्यवस्थित र मर्यादित बनाउन आम सञ्चारको छुट्टै कानून चाहिन्छ र सो कानून तर्जुमाको स्थितिमा रहेको छ । त्ससैले कानून निर्माण गर्ने निकायले एउटा कानूनले व्याख्या गरी सकेको विषय अर्को कानूनमा समावेश गराउनु हुँदैन र कानून तर्जुमाकै समयमा विचार** |

| | | | |
|---|---|---|---|
| | | | **गर्नुपर्दछ ।** |
| | दफा ५(च) प्रेस र नेपाल सरकारबीच सौहार्द्रपूर्ण सम्बन्ध कायम राख्ने । | - प्रेस र नेपाल सरकारबीच सौहार्द्रपूर्ण सम्बन्ध कायम राख्ने काम प्रेस काउन्सिलको हैन । प्रेस काउन्सिल एक स्वशासित, स्वायत्त र संगठित संस्था हो, सरकारको एजेन्ट हैन । यसको उद्देश्य र भुमिका प्रेस स्वतन्त्रता संरक्षण र प्रर्बद्धनमा सिमित हुनुपर्छ, सहजकर्ता बन्नुहुँदैन । | फिनल्यान्ड र डेनमार्कको प्रेस काउन्सिलले प्रशारण, छापा र अनलाइन तीनै प्रकारको पत्रकारितालाई नियमन गर्दछ । नर्वेको काउन्सिलले अनलाइनका विभिन्न स्वरुप एवं नैतिक रुपमा काउन्सिलको अनुगमनलाई स्वीकार गरेका पत्रकारहरूको व्यक्तिगत सोसल मिडिया एकाउन्टमा प्रकट हुने कन्टेन्ट समेतलाई अनुगमन गर्दछ । मुख्य रुपमा प्रेस काउन्सिल व्यक्तिगत र संस्थागत रुपमा स्वनियमनका लागि स्वीकार गरिएको स्वयंसेवी निकाय हुनुपर्छ या यो वाध्यात्मक नियमक निकाय हुनसक्छ भन्ने वहस विश्वव्यापि नै छ । नेपाल भारत र डेनमार्क जस्ता देशमा यो निकाय सञ्चार माध्यम र पत्रकारहरूका लागि आचार संहिता र निर्देशन मान्नै पर्ने नियमकका रुपमा विकाश भएका |
| | दफा ५(ज) प्रेस स्वतन्त्रता र **छापा तथा विद्युतीय पत्रकारिताको मर्यादा** जोगाउन क्रियाशील रहने । | - प्रेस काउन्सिलको उद्देश्य छापा तथा विद्युतीय पत्रकारिताको मर्यादा जोगाउनु हैन । पत्रकारिताको मर्यादा सञ्चारमाध्यमले नै जोगाउने हो । यसलाई उद्देश्यका रुपमा राखिनु हुँदैन । | |

| | | | |
|---|---|---|---|
| | | | छन्। तर राज्यको वजेटबाट मात्रै चल्ने, वोर्डमा सरकारी नियुक्तिको प्रधानता हुने र ऐन–कानुनबाट संस्था सिर्जित भएको काउन्सिल आफैंमा प्रेसको स्वनियमनको सिद्धान्तविपरीतको नियनत्रणकारी निकाय हो भन्ने वहस पनि बढेर गएको छ । त्यसैले काउन्सिल आर्थिक, प्रशासनीक, र गठनका हिसावले बढी स्वायत्त र स्वतन्त्र हुनसक्थ्यो भने मात्रै यस्ले सबै मिडियालाई विश्वसनीय नियमन गर्ने नैतिक बल प्राप्त गर्दछ । |
| | दफा ५*(झ)* छापा तथा विद्युतीय एवं अन्य विज्ञापन सञ्चारलाई व्यवस्थित गर्ने । | - प्रेस काउन्सिलको उद्देश्यछापा तथा विद्युतीय एवं अन्य विज्ञापन सञ्चारलाई व्यवस्थित गर्नु पनि हैन र यसलाई दिइएको अधिकारले त्यो समेट्दा पनि समेटिदैन । आम सञ्चारमाध्यमलाई नियमन र व्यवस्थित गर्न नै आमसञ्चार ऐन तर्जुमा हुँदै गर्दा काउन्सिलको उद्देश्यका रुपमा यसरी उल्लेख गरिनु उपयुक्त हुँदैन । | |
| | दफा ५(ट) विदेशमा डोमेन रहेका सामाजिक सञ्जाल (फेसबुक, ट्वीटरलगायत) मार्फत् राष्ट्र, राष्ट्रियता, व्यक्ति, समुदाय, जात, धर्म, इज्जत, प्रतिष्ठामा आँच पुऱ्याउने प्रवृत्तिको अनुगमन गर्ने । | - यो यस प्रस्तावित मस्यौदा विधेयकको सबै भन्दा गम्भीर चासो रहेका प्रावधानहरूमध्येका एक प्रावधान हो ।<br>- यस प्रावधानबाट सरकारले प्रेस काउन्सिललाई सोसल मिडिया अनुगमन को लागि दुरुपयोग गर्न लागेको देखिन्छ । | |

| | | | |
|---|---|---|---|
| | | - सोसल मिडियाको राज्य निर्देशित अनुगमन बिचार तथा अभिव्यक्ति स्वतन्त्रताको गम्भीर उल्लंघन हो र यो मौलिक अधिकारको संबैधानिक प्रत्याभुतकिो उल्लंघन पनि हो ।<br>- यस्तो व्यवस्थाले जनतामा भय, र स्वनियन्त्रण Self_Censorship निर्माण गर्छ ।<br>- यो प्रावधानका माध्यमबाट सरकार एक नियन्त्रित समाजतर्फ उन्मुख हुन खोजेको स्पष्ट देखिन्छ । तसर्थ यो प्रावधान प्रस्तावित मस्यौदाबाट तत्काल हटाइनुपर्छ । | |
| दफा ६:<br>काउन्सिलको गठन | दफा ६(१):<br>- १३ सदस्यिय प्रेस काउन्सिल गठन हुनेछ, जसमध्ये ७ सदस्यहरू पत्रकारिता क्षेत्रका रहेका छन् । | - अर्न्तराष्टिय अनुभवहरूलाई हेने हो काउन्सिलमा पत्रकारिता क्षेत्रका व्यक्ति को सदस्यता ५० प्रतिशत भन्दा कम राख्ने गरेको पाईन्छ ।<br>- | - त्यसैगरी प्रेस काउन्सिल एक लोकपाल (Ombudsman )निकाय हो त्ससैले यस्को बहुसंख्यक सदस्य नेपाल सरकारले नियुत्त गर्ने नभई स्वतन्त्र हुन पर्दछ ।<br>- काउन्सिलले आफ्नो लोकपाल भूमिका बचाउन नेपाल सरकारको नियूक्ति र हस्तक्षेप कम गराउनु पर्छ ।<br>काउन्सिलमा मिडिया उपभोक्ता, नागरिक समाज र प्राज्ञिक जगतको प्रतिनिधित्व वढाउनु पर्छ । |
| | - प्रतिनिधि सभा सदस्य र राष्ट्रिय सभा सदस्यहरूमध्ये एक एक जना, | - प्रेस काउन्सिल ऐन २०४८ मा समान किसिमको, प्रतिनिधि सभा र राष्ट्रिय सभाका सदस्यहरू रहने व्यवस्था भएकोमा ”गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६” उक्त व्यवस्था हटाएको थियो । | |

| | | | |
|---|---|---|---|
| | | - एक पटक हटाइसकिएकोमा राजनीतिक नेतृत्वलाई काउन्सिलमा किन समावेश गरिएको हो स्पष्ट पारिनुपर्छ । | |
| | **दफा ६(३): सिफारिस समितिः**<br>उपदफा (१) बमोजिम काउन्सिलको अध्यक्ष र सदस्य चयनका निम्ति देहायबमोजिमको सिफारिश समितिगठन गरिनेछ<br>(१) प्रतिनिधिसभाका सभामुख, अध्यक्ष<br>(२) सञ्चार तथा सूचना प्रविधि मन्त्री, सदस्य<br>(३) पत्रकारिता क्षेत्रबाट प्रेस काउन्सिलको सिफारिशमा नेपाल सरकारबाट नियुक्त वरिष्ठ<br>व्यक्ति एकजना, सदस्य | - सिफारिस समितिको स्वतन्त्रता र निष्पक्षता सुनिश्चत गर्न सकिने अवस्था छैन । सिफारिस समितिका सबै सदस्य राज्य, सरकार निकट रहेको देखिन्छ ।<br>- प्रेस काउन्सिलमा सिफारिस गर्नका लागि बनेको समितीमा प्रेस काउन्सिलले नै सिफारिस गरेको सदस्य रहने व्यवस्था उपयुक्त हैन । | - काउन्सिलले आफ्नो लोकपाल भूमिका बचाउन नेपाल सरकारको नियूक्ति र हस्तक्षेप कम गराउनु पर्छ ।<br>सिफारिस समीतिको अध्यक्ष प्रधान न्यायधिश, सदस्य सभामुख र त्रि.वि.वि पत्रकारिता विभागका डिन हुनु उपयुक्त हुन्छ । धेरैजसो देशमा काउन्सिल अध्यक्ष न्यायधिशहरू वाटै हुनपर्ने प्रचलनरहेको र नियुक्त गर्ने निकाय पनि सर्वोच्च अदालतकै प्रधान न्यायधिश रहनु राम्रो हो। |
| दफा ७: काउन्सिलको काम कर्तव्य र अधिकार | • १७ वटा काम, कर्तव्य र अधिकार तोकिएका छन जसमध्ये थोरै मात्र काउन्सिलको काम, कर्तव्यतर्फ उन्मुख छन् भने धेरै व्यवस्थाहरू काउन्सिलको अधिकारक्षेत्र भन्दा बाहिरका छन् । जस्तैः *वरिष्ठ पत्रकारको उपाधि दिने, पत्रकार तथा सञ्चारमाध्यमहरूलाई पुरस्कृत गर्ने, योग्यतासम्बन्धी मापदण्ड तोकी* | - यसैगरी काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्थाहरू पनि व्यापक र अस्पष्ट छन् जसवाट काउन्सिलले अधिकतम शक्ति प्रयोग गरी नियन्त्रण मूखि हुने खतरा निम्त्याउन सक्छ । त्यसैले यस्ता व्यवस्थाहरू विधेमान रहनु हुँदैन। | - काउन्सिलको उद्देश्यभन्दा बाहिरका व्यवस्थाहरू (काम, कर्तव्य र अधिकार) खारेज गरिनुपर्छ । |

| | | | |
|---|---|---|---|
| | *पत्रकारहरूको अभिलेखीकरण गर्ने* प्रावधानकाउन्सिले आफ्नो अधिनमा लिन खोजेको छ जुन असान्दर्भिक देखिन्छ । | | |
| दफा १०: काउन्सिलको सचिवालय तथा कार्यालय | दफा १० (१): काउन्सिलको एउटा छुट्टै सचिवालय हुनेछ । आवश्यकताअनुसारसात प्रदेशमा प्रदेश कार्यालय स्थापना गर्न सकिनेछ । | - दफा १० मा काउन्सिलको सचिवालय तथा कार्यालय आवश्यकताअनुसार सात प्रदेशमा स्थापना गर्न सकिनेछ भन्ने व्यवस्था रहेको छ । यस व्यवस्थालाई विचार गर्दा प्रदेशमा छुट्टै काउन्सिल स्थापनाको सम्भावना नै नराखि सात प्रदेशमा प्रदेश कार्यालयमा मात्र सिमित गर्न खोजिएको जस्तो देखिन्छ । | - राज्य संघिय संरचनामा गैसकेको हालको अवस्थामा प्रेस काउन्सिलले आवश्यकता अनुसार प्रदेशमा प्रदेश कार्यालय स्थापना गर्ने नभई प्रादेशिक ऐनमार्फत प्रदेश प्रेस काउन्सिलको व्यवस्था गरिनुपर्छ । यस बारेमा अध्ययन र सरोकारवालाहरूसाग व्यापक परामर्श हुन जरुरी छ । |
| दफा १२: पत्रपत्रिका वितरण सम्परीक्षण समिति | (१) नेपाल सरकारले काउन्सिलको परामर्श लिई एक पत्रपत्रिका वितरण संपरीक्षण समिति गठन गर्नेछ । | • यस्ले प्रेस काउन्सिले गर्ने काम, कर्तव्यमा अनावश्यक भार थप्छ ।<br>• यस्तो संरचना काउन्सिलमा रहदै आएकोमा व्यापक आलोचना पनि हुदै आएको छ । विगतमा विभिन्न सुझाव प्रतिवेदनहरूले पनि यो निकाय अलग्गै रहनुपर्ने सुझाव दिंदै आएका छन् । | - विद्यमान छापाखाना तथा प्रशारण ऐन र राष्ट्रिय प्रसारण ऐनलाई विस्थापन गर्नका लागि तर्जुमा भईरहेको रुपमा आमसञ्चार ऐनमा संपरिक्षण समितिका बारेमा व्यवस्था भैसकेको सन्दर्भमा यस ऐनमा यो व्यवस्था गरिनुको औचित्य छैन । |
| दफा १३: विद्युतीय सञ्चारमाध्यम संपरीक्षण | | • यस व्यवस्थाले प्रेस काउन्सिलले गर्ने काम, कर्तव्यमा अनावश्यक भार थप्छ ।<br>• दफा १०(१) नेपाल सरकारले | - विद्यमान छापाखाना तथा प्रशारण ऐन र राष्ट्रिय प्रसारण ऐनलाई विस्थापन गर्नका लागि तर्जुमा भईरहेको रुपमा आमसञ्चार ऐनमा |

| | | | |
|---|---|---|---|
| समिति | | काउन्सिलको परामर्श लिई एक पत्रपत्रिका वितरण संपरीक्षण समिति गठन गर्नेछ भन्ने व्यवस्था गरिएको छ भने दफा ११ मा विद्युतीय सञ्चारमाध्यम संपरीक्षण समिति सरकार वा प्रेस काउन्सिल कसले स्थापना गर्ने हो भन्ने स्पष्ट छैन । | संपरिक्षण समितिका बारेमा व्यवस्था भैसकेको सन्दर्भमा यस ऐनमा यो व्यवस्था गरिनुको औचित्य छैन । |
| दफा १४: छापा तथा विद्युतीय संपरीक्षण समितिको काम कर्तव्य र अधिकार | दफा १४ (२): प्रकाशन संख्या, गुणस्तर, सामग्रीहरूको प्रभाव र पहुँचका आधारमा बर्गीकरण गर्ने । | - दफा १२ र दफा १३ मा उल्लिखित संपरीक्षण समितिको प्रेस काउन्सिल ऐनमा आवश्यकता छैन भनिसकेपछि उक्त समितिको काम कर्तव्य र अधिकारका बारेमा टिप्पणी गरिरहन आवश्यक छैन । तथापी, जुनसुकै कानून अर्न्तगत भए पनि ढिलो चाडो संपरिक्षण समितिको स्थापना हुने नै भएकाले यस सम्बन्धी सुझाव उल्लेख गरिएको छ । | - माध्यममा निहित भिन्नताका कारण छापा र विद्युतीय सञ्चारमाध्यमको संपरिक्षणका लागि एकै किसिमका आधारहरू उपयुक्त हुँदैनन् ।<br>- विद्युतिय सञ्चारमाध्यमका हकमा प्रकाशन संख्या कसरी निर्धारण गरिन्छ ?<br>- गुणस्तरलाई एक आधारमा रुपमा उल्लेख गरिएको छ तर त्यसअर्न्तगतका गुणस्तर छ वा छैन भनी निर्धारण गर्ने तत्व के हुन् भन्ने स्पष्ट छैन । यस्तो अस्पष्ट आधारको गलत व्याख्या हुनसक्छ ।<br>- सामग्रीहरूको प्रभाव र पहुँच एकदमै अमुर्त र जाँच्न कठिन आधार हो ।<br>- तसर्थ वस्तुगत आधारहरूको व्यवस्था गरिनुपर्छ । |
| दफा १५: | दफा १५(१): पत्रकारको योग्यतासम्बन्धी | - प्रत्येक नागरिकलाई विचार तथा | - पत्रकारितासँग सम्बन्धित देखिएका |

| | | | |
|---|---|---|---|
| पत्रकारको मापदण्डसम्बन्धी व्यवस्था | मापदण्ड तोकी परिचयपत्र वितरण गर्ने ।<br><br>दफा १५(२) वरिष्ठ पत्रकारसम्बन्धी मापदण्ड तोकी उपाधि दिने । | अभिव्यक्ति स्वतन्त्रताको अधिकार छ । र हरेक नागरिक माध्यमको बन्देजबिना उक्त अधिकारको उपभोग गर्न स्वतन्त्र हुनुपर्छ ।<br><br>- पत्रकारको योग्यता सरकारले वा सरकारी निकायले तोक्ने भन्दा पनि मिडिया आफैले आफुलाई कुन र कस्तो योग्यताको पत्रकार चाहिएको हो, त्यो अनुसार चयन गर्ने हो ।<br><br>- राज्यले योग्यता तोकेर परिचयपत्र दिइएकाहरूले मात्र पत्रकारिता गर्ने हो, अन्यले गर्न पाउदैनन् भन्नु अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक, स्वतन्त्रताको (रोजगारीको छनौट लगायत) हकको उल्लंघन हो । | सबै कार्यहरू प्रेस काउन्सिल नेपालको क्षेत्राधिकारअन्र्तगत पर्छन् वा पर्दैनन् भन्ने विषयमा सरोकारवालाहरूसँगको सार्वजनिक बहस आवश्यक छ । काउन्सिलको मुख्य उद्देश्य प्रेस स्वतन्त्रताको प्रवर्द्धन हुनुपर्छ, काउन्सिल पत्रकारको योग्यता तोक्ने, जाँच लिने, लाइसेन्स दिने, वरिष्ठ पत्रकारसम्बन्धी मापदण्ड बनाउने काममा लाग्नु हुँदैन । |
| दफा १६: काउन्सिलको कोष | दफा १६(२): वर्गीकरण गरेवापत सञ्चारमाध्यमबाट लेबी रकम, सेवा शुल्क लिन सकिनेछ । | - हालसम्म सञ्चारमाध्यमहरूबाट लेबी रकम, सेवा शुल्क उठाउने व्यवस्था नभएकोमा यो नँया व्यवस्थाले साना मिडियाहरूमा कस्तो प्रभाव पर्छ ध्यान दिइनुपछ । | - लेबी रकम, सेवा शुल्कले काउन्सिलको आर्थिक स्वायत्ततामा सहयोग गर्न सक्छ । केही देशहरूमा काउन्सिलको मुख्य स्रोत नै यस्तो सेवाशुल्क पनि रहेको छ । तर हामीकँहा मिडियाको आर्थिक स्थिति सबल नरहेको अवस्थामा यस्तो व्यवस्थाले के असर पर्नसक्छ भन्ने विषयमा पनि ध्यान दिनु जरुरी छ । |

| | | | |
|---|---|---|---|
| दफा १८: निर्देशन जारी गर्न सक्ने । | दफा १६(१): प्रेस काउन्सिलले छापा तथा विद्युतीय पत्रकारिता र विज्ञापन एजेन्सीहरूलाई **राष्ट्रिय विपत्तिको बेला,** लोकहितर पेशागत शुद्धताको निम्ति आवश्यक निर्देशन जारी गर्न सक्नेछ । | - यो प्रावधानको शब्द संयोजन स्पष्ट छैन । काउन्सिलले राष्ट्रिय विपत्तिको बेला मात्र निर्देशन जारी गर्ने हो वा अन्य समयमा पनि लोकहित र पेशागत शुद्धताको लागि निर्देशन जारी गर्न सक्ने हो स्पष्ट छैन । | - राष्ट्रिय विपत्तिको समय संकटको घडी भएका कारण उक्त समयमा आवश्यकताअनुसारको उद्देश्य पूर्तिका लागि काउन्सिलले निर्देशनहरू जारी गर्नु आवश्यक र उपयुक्त हुनसक्छ । अन्य अवस्थाका लागि काउन्सिलले जारी गर्ने आचार संहिता नै त्यस्तो निर्देशनका रुपमा रहने हुनाले यसलाई राष्ट्रिय विपत्तिमा मात्र सिमित गर्नु उपयुक्त हुन्छ । |
| दफा १९: आचार संहिता बनाई लागु गर्ने । | (१) प्रेस काउन्सिलले आफ्नो प्रमुख कर्तव्यको रुपमा विद्युतीय तथा छापा पत्रकारिता एवं विज्ञापनसम्बन्धी आचारसंहिता बनाई लागू गर्नेछ । | - आमसञ्चार नीतिको दफा २.१६ मा **विज्ञापनसम्बन्धी एकीकृत कानुन निर्माण गरी नियामक निकायद्वारा नियमनको प्रभावकारी व्यवस्था गरिनेछ** भनी उल्लेख गरिएको छ । विज्ञापन सम्बन्धि आचार संहिता प्रेस काउन्सिलका क्षेत्राधिकारमा उपयुक्त हुँदैन । | - प्रेस काउन्सिलको क्षेत्राधिकारलाई बढाउन खोजेको देखिन्छ । सैद्धान्तिक रुपमा विज्ञापन क्षेत्रको नियमन प्रेस काउन्सिलको क्षेत्राधिकारअर्न्तगत राख्न उपयुक्त हुन्छ वा हुँदैन भन्नेमा सरोकारवालाहरू विच छलफल हुनु आवश्यक छ ।<br><br>- राज्यले विज्ञापनसम्बन्धी छुट्टैकानून निर्माण गरि नियामक निकाय बनाउने नीति अवलम्बन गरिसकेपछि विज्ञापनको नियमन सम्वन्धमा त्यसै अनुरुप अगाडि बढ्नु उपयुक्त हुन्छ । |
| दफा २०: | अनुगमन, उजुरी र कारबाहीसम्बन्धी व्यवस्था | - ऐनमा गरिएको व्यवस्थामा प्रक्रिया र | - कार्यविधिगत पाटो समेट्नका लागि |

| | | | |
|---|---|---|---|
| अनुगमन, उजुरी र कारबाही | | कार्यविधिगत पाटो समावेश छैन ।<br><br>- उजुरी कस्ले गर्न पाउने, कस्लाई गर्ने, कसरी गर्ने, कति दिनभित्र उजुरी सुन्ने र निस्सा दिने, प्रमाण मूल्यांकन कसरी हुने भन्ने जस्ता विभिन्न कार्यविधिगत पाटो कतै उल्लेख भएका छैनन् ।<br><br>- काउन्सिलले गरको निर्णय उपरको पुनरावेदन कहाँ लाग्ने, कति दिनभित्र लाग्ने जस्ता प्रवाधानका विषयमा पनि कुनै व्यवस्था गरिएको छैन। | उक्त विषयहरू नियमावलीमा व्यवस्था गर्न सकिन्छ । तर निर्णयमा पुनरावेदनको व्यवस्था जस्ता सारभूत पाटोलाई ऐनले नै समेट्नुपर्दछ । |
| | दफा २०(३)(क): ... **गम्भीर प्रकृतिका उजुरीहरूमा** प्रेसइजलास गठन गरी सुनुवाई गर्ने । | - गम्भीर प्रकृतिको उजुरी भनेको के हो, कानूनमा कँहि पनि उल्लेख छैन । गम्भीर प्रकृतिको उजुरीलाई कानूनले नै परिभाषित नगर्ने हो भने भविष्यमा यो प्रावधानको दुरुपयोग हुनसक्छ ।<br><br>- यदि गम्भीर प्रकृतिकै उजुरी हो भने प्रेस काउन्सिल उपयुक्त निकाय हो कि अन्य निकाय (जाहेरीका लागि प्रहरी वा कानूनी उपचारका लागि अदालत)<br><br>- प्रेस इजलास भनेको के हो? यो कसरी गठन हुन्छ? यसले क्षेत्राधिकार के हो ? यसले कसरी विवाद निरोपण गर्छ ? यसको निर्णय विरुद्ध उजुरी को | - प्रेस काउन्सिलको क्षेत्राधिकार अर्न्तगत कस्ता कस्ता कसुरहरू पर्दछन्, स्पष्ट हुनुपर्छ ।<br><br>- प्रेस इजलासको गठन, कार्यविधि, न्याय निरुपण पद्धति, निर्णयविरुद्ध उपचार वा पुनरावेदनका बारेमा पनि स्पष्ट व्यवस्था हुनुपर्दछ ।<br><br>- प्रेस इजलासको आवश्यकताका बारेमा सार्वजनिक बहस हुन पाएको देखिदैन । कुन आवश्यकता पूर्तिका लागि प्रेस इजलास चाहिएको हो, त्यसमा व्यापक बहस र परामर्श जरुरी छ । |

| | | | |
|---|---|---|---|
| | | अधिकार रहन्छ वा रहदैन ? प्रेस इजलासको कार्यविधि के हो ? मस्यौदा विधेयकले यी तमाम प्रश्नहरूको जवाफ दिएको छैन । | |
| | दफा २०(५): उपदफा (४) बमोजिम सफाईको मौका र सुधारको अवसर दिँदा पनि नसच्चिए वा सफाई पेश नगरेमा प्रेसपास रद्द गर्न, वर्गीकरणबाट हटाउन, कुनैपनि सुविधामा रोक लगाउन र **सम्बन्धित निकाय वा कार्यालयमा कानुनी कारबाहीका निम्ति लेखी पठाउन** सक्नेछ । | - दफा २० मा गरिएको व्यवस्था 'कुनै पत्रकारले व्यवसायिक आचारसंहिता उल्लंघन गरेमा' गरिने अनुगमन उजुरी र कारबाहीसम्बन्धी व्यवस्था हो ।<br>- आचार संहिता उल्लंघन भएको अवस्थामा प्रेस काउन्सिलले कुन निकाय वा कार्यालयमा कुन कानूनअर्न्तगतको कारबाहिका लागि लेखि पठाउने हो स्पष्ट छैन । यो व्यवस्था पत्रकारहरूलाई कानूनी कारबाहीको डर सृजना गर्नका लागि व्यवस्था गरिएको देखिन्छ । | प्रेस काउन्सिल मूलत भय सिंर्जना गर्ने र दण्ड दिने निकाय होइन । यस्तो व्यवस्थाले काउन्सिलको विश्वव्यापी मान्यतालाई कुल्चिन जान्छ । त्यसैले यस किसिमका व्यवस्थाहरू यस ऐनबाट हटाइन जरुरी छ । |
| | (६) सञ्चारमाध्यममार्फत् गरिने गम्भीर प्रकृतिका अपराध, गालीबेइज्जती, अवहेलनासम्बन्धी उजुरी पर्न आएमा काउन्सिलले **सम्बन्धित निकायलाई कारवाही चलाउन दिशानिर्देश** गर्न सक्नेछ । | - यस दफामा प्रयोग भएका शब्दहरू उपयुक्त देखिदैनन् । उल्लेखित गम्भीर प्रकृतिका भनीएका गाली बेइज्जती, अवहेलना आदी प्रेस काउन्सिलको क्षेत्राधिकार भित्र पर्ने हो वा होइन, किटान हुनु उपयुक्त हुन्छ । यदि यि कसुरहरू प्रेस काउन्सिलको क्षेत्राधिकारमा पर्ने हो भने यसको निरुपण के गरी गरिनेछ, सजाँय के | - छुट्टै विशिष्ठ कानुनद्धारा नै नियमन हुनु पर्ने व्यक्तिको गोपनीयता, गाली वेइज्जती, घृणाजन्य अभिव्यक्ति वा धार्मिक दुष्प्रचार र राष्ट्रिय सुरक्षा जस्ता विषयसंग सम्वन्धीत विवादमा प्रेस काउन्सिल नियमक निकाय बन्न सक्दैन। यस्ता गम्भीर विषयवारे मिडिया कन्टेन्टले सिंर्जना गरेका विवादमा छलफल वा निरुपण |

| | | | |
|---|---|---|---|
| | | हुनेछ आदि सम्बन्धि स्पष्ट प्रावधानको व्यवस्था हुनुपर्छ । यदि यि कसुरहरू प्रेस काउन्सिलको क्षेत्राधिकारअर्न्तगत पर्दैनन भने उक्त कुरा पनि स्पष्ट उल्लेख हुनुपर्छ ।<br><br>- उल्लिखित प्रावधानमा सम्बन्धित निकाय भनेर कुन निकायलाई भन्न खोजिएको हो स्पष्ट छैन र काउन्सिलले कारवाही गर्न दिशानिर्देश भन्ने व्यवस्थाले उक्त सम्बन्धित निकायको स्वायत्ततामा समेत असर पार्ने हुनसक्छ । त्यस्तो दिशानिर्देश अनुसन्धान वा के को आधारमा हुने हो भन्ने पनि स्पष्ट छैन ।<br><br>- गालिबेइज्जती लाई विश्वब्यापी रुपमा नै देवानी कसुरका रुपमा राख्न थालिएको छ र अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय संयन्त्रहरूले गाली बेइज्जतीमा फौजदारी कसुरका रुपमा सजाँय गरिनु हुँदैन, देवानी गल्तिका रुपमा लिइनुपर्छ भनी सुझाउ दिएका छन् । तसर्थ, यदि गालि बेइज्जतीलाई देवानी कसुरका रुपमा राख्ने हो भने काउन्सिलले गालि बेइज्जतीका हकमा कारवाहीका लागि दिशानिर्देश गर्नेभन्दा पनि मर्का पर्ने | गर्ने, व्यापक अधिकार प्रेस काउन्सिललाई दिन मिल्दैन। जबकी प्रकाशन, प्रशारण र प्रवाह गर्न कानुनद्धारा वर्जित हुने विषयवस्तुका सम्वन्धमा प्राप्त गुनासो वा उजुरीलाई काउन्सिलले छुट्याएर सम्वन्धीत पिडित वा उजुरीवालालाई उचित निकायमा जाने सल्लाह सम्म मात्र दिन सक्ने हुनुपर्दछ । काउन्सिलले नियमित अदालत वा प्रशासनिक निकायको जस्तो कारवाही गर्नेगरी अधिकार क्षेत्र वढाउन मिल्दैन। यो स्वनियमन प्रर्वधन गरी मिडियालाई जिम्मेवार र स्वतन्त्र वनाउन र वन्न अभिप्रेरणा गर्ने निकाय मात्रै हो। प्रेस काउन्सिल मिडिया कन्टेन्टद्धारा प्रभावित भएका व्यक्तिको गुनासो र उजुरी लिने निकाय मात्र वन्ने की पत्रकार आचार संहितले समेटका विषयमा व्यापक जनसरोकार भएका विवाद देखिएमा त्यस्ता खराव अभ्यासलाई स्वतःनै लिई वा अरु कुनै सरोकारवालालाई दिएको सूचनामा आधारित भएर पनि विवाद वा विषउहरू हेर्ने केलाउने निकाय हुने भन्नेमा पनि विश्वभरी नै फरक–फरक धारणा छ । कस्तो, कस्ले |

| | | | |
|---|---|---|---|
| | | पक्षले देवानी हानी (Civil damages) का लागि नियमीत अदालतमा जानुपर्ने व्यवस्था गरिनुपर्छ ।<br>- | कसरी उजुरी गर्ने भन्ने विषयमा पनि काउन्सिल गम्भीर रुपमा सोच्नु आवश्यक छ । सार्वजनिक सरोकार जोडिने विषयमा जो कसैले उजुरी गरेमा वा आफैले पनि विषयहरू ग्रहण गर्ने अधिकार भएको काउन्सिल हुँदा यस्ले फराकिले रुपमा पेशागत मूल्यहरू प्रवर्धन गर्न त सक्छ तर यस्तै वाहानामा काउन्सिल राज्य वा सरकारबाट कहिलेकाँहि दुरुपयोग हुनसक्ने खतरा पनि रहन्छ । |
| दफा २१: अधिकार प्रत्यायोजन | यस ऐनबमोजिम प्राप्त अधिकार काउन्सिलले **नेपाल सरकारबाट मान्यताप्राप्त कुनै निकायलाई** प्रत्यायोजन गर्न सक्नेछ । | - यो प्रावधान अस्पष्ट र गम्भीर छ । काउन्सिलले आफुलाई प्राप्त कुन कुन प्रकृतिका अधिकारहरू प्रत्यायोजन गर्न सक्ने हो स्पष्ट पारिएको छैन । सामान्यतया कुनै पनि निकायले आफुलाई प्राप्त विशिष्ट अधिकारहरू प्रत्यायोजन गर्न पाउने व्यवस्था गरिएको हुँदैन । उदाहरणका लागि काउन्सिललाई अर्धन्यायिक निकायका रुपमा न्याय निरुपणको अधिकार दिइने हो भने त्यस्तो अधिकार प्रत्यायोजन गर्न पाउने व्यवस्था गरिनु हुँदैन ।<br>- त्यसैगरी कुन निकायलाई प्रत्यायोजन गर्ने भन्ने सम्बन्धमा यति धेरै खुल्ला | - कुन अधिकार प्रत्यायोजन गर्न सकिने, कुन अधिकार प्रत्यायोजन गर्न नसकिने स्पष्ट प्रावधान हुनुपर्छ ।<br>- विशिष्टकृत अधिकार प्रत्यायोजन हुनुहुँदैन ।<br>- जुनसुकै निकायलाई अधिकार प्रत्यायोजन गर्न सकिने व्यवस्था हुनु हुँदैन ।<br>- |

| | | | |
|---|---|---|---|
| | | व्यवस्था राखिनु उपयुक्त हुँदैन । नेपालसरकारबाट मान्यता प्राप्त निकाय भन्नाले प्रेससँग सम्बन्धित वा असम्बन्धित जुनसुकै निकाय पर्न सक्छन । उदाहरणका लागि, हालको व्यवस्था अर्न्तगत प्रेस काउन्सिलले आफुलाई प्राप्त अधिकार जिल्ला प्रशासन कार्यालय वा नेपाल प्रहरी वा नेपाली सेना लगायत सरकारी मान्यता प्राप्त जुनसुकै निकायलाई प्रत्यायोजन गर्न सक्नेछ । | |
| दफा २३: नियम बनाउने अधिकार | यस ऐनको उद्देश्य पूर्तिका लागि प्रेस काउन्सिलद्वारा मस्यौदा तयार गरी **नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ** । | - स्वायत्त भनिएको प्रेस काउन्सिललाई नियम बनाउने अधिकार सम्म दिइएको छैन । काउन्सिललाई मस्यौदा गर्ने मात्र जिम्मा दिइएको छ भने नियम बनाउने अधिकार नेपाल सरकारलाई रहेको छ । यसले गर्दा काउन्सिलमा जहिले पनि सरकारको नियन्त्रण रहिनै रहनेछ । काउन्सिलले स्वतन्त्र र निष्पक्ष रुपमा काम गर्न सक्ने छैन । | - प्रेस काउन्सिलको स्वायत्तता कायम गर्नका लागि नियम बनाउने अधिकार काउन्सिललाई नै दिइनुपर्छ । बिकल्पका रुपमा, काउन्सिलको सिफारिसमा नेपाल सरकारले नियम बनाउने भन्ने प्रावधान राख्न सकिन्छ । |

मुख्य सुझावहरू :

- प्रेस काउन्सिल ऐनलाई प्रतिस्थापन गर्न बनेको नयाँ प्रेस काउन्सिल ऐनको मस्यौदामाथि गम्भीर छलफल र बहसका लागि सरोकारवालाहरूसँग व्यापक परमर्श गर्न आवश्यक छ ।
- प्रेस काउन्सिलले आमसञ्चार माध्यमलाई स्वनियमन र स्वमूल्याङ्कनका लागि अभिप्रेरित गरी स्वस्थ र मर्यादित पत्रकारिताको विकास गर्नेतर्फ अग्रसर बनाउने वातावरण बनाउनुपदर्छ ।
- प्रस्तावित ऐनको प्रस्तावना निकै व्यापक र अस्पष्ट छ । सञ्चार क्षेत्रको नियमनकारी नियन्त्रण (Regulatory Control) का लागि यो ऐन प्रस्ताव गरिएको देखिन्छ, त्यसो हुनु हुँदैन । समाचार सामाग्रीको स्वनियमनको संस्कार प्रर्वद्धन गर्न र प्रेसलाई स्वतन्त्र र मर्यादित बनाउन काउन्सिल आफै अग्रसर रहनुपर्छ र सञ्चार माध्यमहरूलाई स्वनियमनका पद्दति अवलम्वन गर्न काउन्सिलले सकारात्मक रुपमा प्रोत्साहित गर्नुपर्छ ।
- प्रस्तावित ऐनमा सबै आमसञ्चार माध्यमहरू जस्तै पत्रपत्रिका, रेडियो र टिभी तथा अनलाइन माध्यम समेतलाई कार्यक्षेत्रमा समावेश गराई ऐनको दायरा व्यापक बनाइएको छ । न्यू मिडियाहरूको आगमनसँगै संरचनात्मक अवस्था समेतको सन्दर्भमा कार्यक्षेत्र व्यापक बनाउनुपर्ने भए पनि व्यवहारिकरुपमा पनि संभव हुने हुनपर्छ ।
- काउन्सिलको अध्यक्षता न्यायिक व्यक्तित्वले नै गर्नुपर्छ । न्यायाधिसले प्रेस काउन्सिलको अध्यक्षता गर्ने अनुभवले यो सिद्ध गर्‍यो कि सर्वोच्च अदालतको पूर्व वा वहालवाला न्यायाधीश काउन्सिलको अध्यक्ष हुँदा भन्दा पत्रकारिता क्षेत्रको मानिस अध्यक्ष हुँदा काउन्सिल बढी विवादमा आयो । त्यसैले न्यायाधीशले नै अध्यक्षता गर्ने विश्वव्यापी प्रचलन यहाँ पनि अनिवार्य अवलम्वन हुने गरी कानुन बन्नु पर्दछ । काउन्सिलका पदाधिकारी सिफारिस गर्ने समितिको अध्यक्ष समितिको अध्यक्ष सभामुख भन्दा प्रधान न्यायधिश हुनु, राम्रो हुन्छ । समिति यसप्रकारको भए बढी उपयुक्त हुन सक्छ १) प्रधानन्यायाधीश, २) सभामुख, ३) त्रि.वि.वि पत्रकारिता विभागको डीन ।
- काउन्सिलमा अध्यक्ष ( न्यायमूर्ति/सर्वोच्चको न्यायाधीश) राखेपछि उपाध्यक्षका रुपमा पत्रकारिता क्षेत्रका विशिष्ठ योगदान भएका व्यक्ति वा प्राज्ञिक योगदान भएका व्यक्ति रहनु राम्रो हुन जान्छ भने काउन्सिलको बोर्डमा प्रेस जगत र नागरिक जगतको प्रतिनिधिको अनुपात ४०– ६० हुनुपर्छ । यसरी हेर्दा बोर्डमा पत्रकार र प्रेस जगतका सदस्यहरू छ जना र नागरिक जगतको प्रतिनिधिका रुपमा सांसदहरू ( संघ र प्रदेश दुवै तह), वुद्धिजिवी तथा नागरिकहरूको संख्या ९ जना हुनु राम्रो हुन्छ । Media industry को मानिसहरू मात्रै रहेको काउन्सिल निश्पक्ष नहुने र विश्वस्नीय स्वीकृती भएको संस्था नहुने खालका हुन्छ ।

- प्रेस काउिन्सलले सञ्चारमाध्यमहरू वीच स्वनियन्त्रण र स्वव्यवस्थापन लाई प्रोत्साहन गर्न हरेक सञ्चारमाध्ययम आफैंले Ombudsman नियुक्त गरी गुनासो र उजुरीको सुनवाई सम्बन्धित सञ्चारमाध्यको Ombudsman ले गर्दा उत्तम हुन्छ । यसरी Ombudsman को निर्णयलाई काउन्सिलले अनुगमन, मूल्याकंन गर्ने,Ombudsman हरूलाई सहयोग पुऱ्याउने काममा केन्द्रित हुनुपर्दछ । प्रेस काउन्सिलले पत्रकारिता क्षेत्रको अवस्थाबारे अध्ययन विश्लेषण गर्ने तथा प्रेस स्वतन्त्रताको अवस्थाबारे आवधिक अध्ययन र प्रतिवेदनहरू प्रकाशन गर्ने काम गर्न सक्छ ।
- प्रेस काउन्सिल स्थापनाको आधारहरू केलायो भने यसको औचित्यबारे स्पष्ट हुन मद्दत गर्दछ । सन् १९१६ मा स्वीडेनमा पहिलोपटक यो संस्था स्थापना हुनुको कारण थियो- प्रशासक र सम्पादकबीच समाचार कसरी प्रस्तुत गर्ने भन्ने विवादको निरुपण वा मध्यस्थ गर्नु । अर्थात सम्पादकीय स्वतन्त्रतालाई बलियो बनाउनु । जर्मनीको यो संस्था राज्यको हस्तक्षेपकारी सेन्सरसीपबाट मिडियालाई जोगाउन स्थापना भएको थियो । फिनल्यान्डमा यो संस्था तीन करणले स्थापना गरियो- एल्लो जर्नालिजमको गस्सिपलाई निरुत्साहित गर्न सेल्फ सेन्सरसीपबाट पत्रकारहरूलाई मुक्त गर्न र राजनीतिक दलमुखी पत्रकारितालाई सुधार गर्न । धेरैजसो देश जस्तै बेलायत, जापान, अस्ट्रेलियामा प्रेस काउन्सिल स्थापना गर्नुको मुख्य उद्देश्य प्रेस स्वतन्त्रता, सम्पादकीय स्वतन्त्रता र सञ्चार उपभोक्ताहरूको गुनासा संम्बोधनका लागि यस्तो काउन्सिल बनाइयो । हाम्रो देशमा बीसको दशकमा पञ्चायती सत्ताको दमनबाट बच्न र प्रत्यक्ष सेन्सरसीप, दर्ता खारेजी जस्ता दमनलाई कम गनर्न हामी आफैं नैतिक अभ्यास गर्छौं र स्वनियमन हुन्छौ भनेर सम्पादकहरूले काउन्सिल स्थापनाको प्रयास गर्नुभएको हो । यो पृष्ठभूमिमा काउन्सिलको भावी सान्दर्भिकताको खोजी गरिनु उपयुक्त हुन्छ । काउन्सिल मूलतः नैतिकपक्षलाई बलियो बनाउने र स्वतन्त्रतालाई प्रवर्द्धन गर्ने निकाय हो र हुनुपर्छ ।

प्रस्तावित मस्यौदा

# प्रेस काउन्सिल नेपाल ऐन, २०७४

**प्रस्तावना** : पत्रकारिता पेशालाई मर्यादित, उत्तरदायी, जिम्मेवार एवं अझ बढी विश्वसनीय बनाउन, व्यक्ति, सरकार र आमसञ्चार माध्यमबीच सौहार्द्रपूर्ण सहजकर्ताको भूमिका निर्वाह गर्न, पेशागत उच्चतम आचरण कायम राख्दै स्वस्थ, स्वच्छ र स्वतन्त्ररुपमा पत्रकारिताको विकास, संरक्षण तथा समयानुकूल सम्बर्द्धनका लागि सञ्चारक्षेत्रको नियामक निकायको रुपमा स्वायत्त र अर्धन्यायिक प्रकृतिको प्रेस काउन्सिल नेपाल स्थापना र व्यवस्था गर्नु वाञ्छनीय भएकाले, नेपालको संविधान धारा २९६ को उपधारा (१) बमोजिम व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद - १

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम “प्रेस काउन्सिल नेपाल ऐन, २०७४” रहेको छ ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) ‘काउन्सिल’ भन्नाले दफा ५ बमोजिम गठित प्रेस काउन्सिल सम्झनुपर्छ ।

(ख) ‘सदस्य’ भन्नाले काउन्सिलको सदस्य सम्झनुपर्छ र सो शब्दले काउन्सिलको अध्यक्षसमेतलाई जनाउँछ ।

(ग) ‘समिति’ वा उपसमिति भन्नाले परिच्छेद -४ बमोजिम गठित समिति तथा उपसमितिलाई बुझाउँछ ।

(घ) “ सदस्य सचिव” भन्नाले दफा १० बमोजिम नियुक्त बोर्डको सचिव सम्झनुपर्छ ।

(ङ) **‘तोकिएको’ वा ‘तोकिएबमोजिम’** भन्नाले यो ऐनअन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

(च) **बिद्युतीय प्रशारण तथा अनलाइन पत्रकारिता** भन्नाले विद्युतीय अनलाइन सेवाअन्तर्गत आउने समाचार, लेख, अन्तर्वार्ता, टिप्पणी, श्रव्यदृश्य, सम्पादकीय, चलचित्र, लघु चलचित्र, वृत्तचित्रसमेतका समाचार सामग्री सम्झनु पर्दछ ।

(छ) **छापा पत्रकारिता** भन्नाले समाचारपत्र, समाचारपत्रिका र अन्य पत्रपत्रिकालाई समेत सम्झनु पर्छ ।

(ज) **साहित्यिक पत्रकारिता** भन्नाले बिभिन्न साहित्यिक सामग्रीलाई समेटेर प्रकाशित तथा प्रसारित सञ्चारमाध्यमलाई समेत सम्झनुपर्दछ ।

(झ) **बिज्ञापनअन्तर्गत** पत्रपत्रिका, होर्डिडबोर्ड तथा बिद्युतीय माध्यमबाट प्रकाशित तथा प्रसारित सबैखाले सन्देश समेटिन्छ ।

ञ) **अनलाइन सञ्चारमाध्यम** : “अनलाइन सञ्चारमाध्यम” भन्नाले प्रचलित कानूनबमोजिम स्थापना वा दर्ता भई पत्रकारिता र सम्पादकीय सिद्धान्त अङ्गिकार गरी इन्टरनेटको माध्यममा संकेत, चिन्ह, अक्षर, आवाज, ग्राफिक्स, गीत, संगीत, भिडियो, एनिमेशन तथा विभिन्न बहुमाध्यम (मल्टिमिडिया) को प्रयोग गरी सन्देशमूलक वा विषयगत विचार, सूचना तथा समाचार, तस्वीर, श्रव्यदृश्यको रुपमा उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गर्ने विधि, प्रक्रिया र माध्यम सम्झनुपर्छ ।

ट) **समाचार समिति** : व्यापारिक वा सेवाको उद्देश्यसहित समाचार संकलन, उत्पादन, प्रशोधन, प्रसारण प्रयोजनका साथ गठित संस्थालाई बुझाउँदछ ।

**३. प्रेस काउन्सिलको स्थापना :**

स्वस्थ र मर्यादित पत्रकारिताको विकासका लागि नियमनकारी भूमिका निर्वाह गर्न नेपालमा २०२७ सालमा प्रेस काउन्सिल नेपालको स्थापना भएको हो ।

**४. काउन्सिल स्वशासित एवं स्वायत्त संस्था हुने**

(१) काउन्सिल अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित, स्वायत्त र संगठित संस्था हुनेछ ।

(२) काउन्सिलको सबै काम कारबाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) काउन्सिलले व्यक्तिसरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा आवश्यकताअनुसार अन्य व्यवस्था गर्न सक्नेछ ।

४) काउन्सिलले आफ्नो नामबाट नालिस, उजुर गर्न सक्नेछ ।

**५. काउन्सिलको उद्देश्य** : काउन्सिलको उद्देश्य देहायबमोजिम हुनेछ ।

(क) स्वस्थ र मर्यादित पत्रकारिताको विकासका लागि उपयुक्त वातावरण सिर्जना गर्ने,

(ख) पेशागत शुद्धताको निम्ति पत्रकारितासम्बन्धी आचारसंहिता तयार गरी लागू गर्ने ।

(ग) आचारसंहिता उल्लंघन भए/नभएको अनुगमन गर्ने,

(घ) आचारसंहिता उल्लंघन भएको स्वअनुगमनबाट पाइएमा वा उल्लंघनसम्बन्धी उजुरी परेमा कारवाही गर्ने,

(ङ) छापा तथा विद्युतीय सञ्चारमाध्यमको अभिलेख अद्यावधिक राख्ने,

(च) प्रेस र नेपाल सरकारबीच सौहार्द्रपूर्ण सम्बन्ध कायम राख्ने ।

(छ) सार्वजनिक र नागरिकको मर्यादा कायम राख्न लगाउने ।

(ज) प्रेस स्वतन्त्रता र छापा तथा बिद्युतीय पत्रकारिताको मर्यादा जोगाउन क्रियाशील रहने ।

(झ) छापा तथा बिद्युतीय एवं अन्य बिज्ञापन सञ्चारलाई ब्यवस्थित गर्ने ।

(ञ) छापा तथा बिद्युतीय पत्रकारितासँग सम्बन्धित सञ्चारमाध्यमहरुसँग छलफल र अन्तरक्रियामार्फत् जीवन्त सम्पर्कमा रहने ।

(ट) विदेशमा डोमेन रहेका सामाजिक सञ्जाल (फेसबुक, ट्वीटरलगायत) मार्फत् राष्ट्र, राष्ट्रियता, व्यक्ति, समुदाय, जात, धर्म, इज्जत, प्रतिष्ठामा आँच पुऱ्याउने प्रवृत्तिको अनुगमन गर्ने ।

(ठ) मूल पत्रकार आचारसंहिताको अधिनमा रही प्रत्येक सञ्चार माध्यम(संस्था) लाई आन्तरिक आचारसंहिता बनाउन प्रोत्साहित गर्ने ।

## परिच्छेद–२

**६. काउन्सिलको गठनः** (१) नेपाल सरकारले देहायका व्यक्तिहरु अध्यक्ष र सदस्य रहने गरी काउन्सिलको गठन गर्नेछः

(क) सर्वोच्च अदालतको न्यायाधीश हुने योग्यता पुगेका, वरिष्ठ अधिवक्ता वा पत्रकारिता क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्ति मध्येबाट कम्तिमा ४५ वर्ष उमेर पुगेका .................................................... अध्यक्ष

ख) प्रतिनिधिसभाका सदस्यहरुमध्येबाट सभामुखद्वारा मनोनित एक................................................सदस्य

ग) राष्ट्रियसभा सदस्यहरुमध्येबाट अध्यक्षद्वारा मनोनित एक .......................................................सदस्य

घ) नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको प्रतिनिधिको रुपमा प्रेस रजिष्ट्रार एक ........सदस्य

***स्पष्टीकरण :*** *खण्ड (ख) र (ग) बमोजिमको सदस्य सभामुख र अध्यक्षले मनोनित गर्दा पत्रकारिता क्षेत्रमा अनुभव प्राप्त रहेछन् भने तिनलाई प्राथमिकता दिनुपर्नेछ । प्रतिनिधिसभा तथा राष्ट्रियसभाबाट प्रेस काउन्सिलमा प्रतिनिधित्व गराउँदा फरक फरक राजनीतिक दलबाट प्रतिनिधित्व गराउनुपर्नेछ ।*

(ङ) नेपाल पत्रकार महासंघका केन्द्रीय अध्यक्ष.................................................................. पदेन सदस्य

(च) छापामाध्यमको प्रतिनिधित्व :

(१) सम्पादकहरु मध्येबाट एकजना........................................................................... सदस्य

२) श्रमजीवी पत्रकारमध्येबाट एकजना......................................................................सदस्य

(३) साना लगानीका पत्रपत्रिकाको तर्फबाट स्वरोजगार पत्रकारितामा संलग्नमध्येबाट १ जना ..........सदस्य

(छ) रेडियो, टिभी र अनलाइनबाट एक/एक जना गरी तीन जना .................................................सदस्य

ज) कानुन, न्याय, प्राज्ञिक र पत्रकारिता शिक्षा क्षेत्रमा समेत क्रियाशीलमध्येबाट एकजना ....................सदस्य

(झ) साहित्यिक पत्रिकाका सम्पादक/प्रकाशकमध्येबाट नेपाल साहित्यिक पत्रकार संघको सिफारिशमा कम्तिमा १५ वर्ष अनुभवप्राप्त एक जना. ...................................................................................सदस्य

(२) अध्यक्ष तथा सदस्यहरुको नियुक्ति उपदफा ३ बमोजिम सिफारिश समितिको सिफारिशमा नेपाल सरकारबाट हुनेछ ।

(३) उपदफा (१) बमोजिम काउन्सिलको अध्यक्ष र सदस्य चयनका निम्ति देहायबमोजिमको सिफारिश समिति गठन गरिनेछ

(१) प्रतिनिधिसभाका सभामुख.........................................................................अध्यक्ष

(२) सञ्चार तथा सूचना प्रविधि मन्त्री...................................................................सदस्य

(३) पत्रकारिता क्षेत्रबाट प्रेस काउन्सिलको सिफारिशमा नेपाल सरकारबाट नियुक्त वरिष्ठ व्यक्ति एकजना...................................................................................सदस्य

(४) नेपाल सरकारले काउन्सिलका सदस्यको नियुक्त गर्दा समावेशी सिद्धान्तको पालना र सबै प्रदेशको प्रतिनिधित्व हुनेगरी गर्नेछ ।

(५) अध्यक्ष वा सदस्य नियुक्त व्यक्तिले काउन्सिलका सिद्धान्त र नीतिविपरीत हुनेगरी अन्यत्र पेशा वा गतिविधिमा संलग्न हुन पाउने छैन ।

(६) काउन्सिलको अध्यक्ष र सदस्यको पदावधि पाँच वर्षको हुनेछ। सो पदमा थप एक कार्यकालका निम्ति नियुक्त हुन सक्नेछ। (मनोनित र पदेन सदस्यको हकमा सम्बन्धित संस्थामा पदावधि रहँदासम्म काउन्सिलमा निजको पदाधिकार रहनेछ)

७) काउन्सिलमा नियुक्त अध्यक्षले प्रधानन्यायाधीशसमक्ष र सदस्यहरुले अध्यक्षसमक्ष तोकिएबमोजिम शपथ लिनुपर्नेछ।

(८) काउन्सिलका अध्यक्ष र सदस्यको योग्यता, सेवाका शर्त र सुविधा तोकिएबमोजिम हुनेछ।

७. **काउन्सिलको काम, कर्तव्य र अधिकार** देहायबमोजिम हुनेछ :

क) प्रेस स्वतन्त्रताको रक्षा र प्रवर्द्धन गर्ने।

ख) पत्रकार र पत्रकारिता पेशाको क्षमता विकास, संरक्षण र सम्वर्द्धनको निम्ति उपलब्ध श्रोत-साधनको अधिकतम सदुपयोग गर्ने।

(ग) छापा तथा विद्युतीय पत्रकारितासम्बन्धी नीति, अन्तर्राष्ट्रिय अनुभवलाई समय समयमा अवलोकन, अध्ययन अनुसन्धान गरी सम्बन्धित क्षेत्रको रायसल्लाह समेत लिएर नेपाल सरकारलाई सुझाव दिने,

(घ) पत्रकारिताको विकासका लागि ऐन, कानुन, नियमावली र समसामयिक कार्यविधिहरु तय गर्ने।

(ङ) छापा तथा बिद्युतीय र अन्य माध्यमबाट प्रशारित हुने सन्देशमूलक सूचनासम्बन्धी कार्यविधि तयार गर्ने, नियमन गर्ने।

च) आमसञ्चारमाध्यमको निम्ति आचारसंहिता तयार गरी लागू गर्ने।

(छ) संघीय, प्रादेशिक र स्थानीय सरकार, मिडिया तथा सर्वसाधारणबीचको सम्बन्धलाई सौहार्द्र बनाउने, पत्रकारिता पेशालाई आवाजबिहीनहरुको आवाज बनाउन भूमिका निर्वाह गर्ने।

(ज) पत्रपत्रिका तथा विद्युतीय सञ्चारमाध्यमका गतिविधि एवं वस्तुस्थितिबारे अध्ययन र मूल्यांकनसहितको वार्षिक प्रतिवेदन सार्वजनिक गर्ने/आचारसंहितासम्बन्धी समसामयिक सामग्रीहरु नियमित प्रकाशन गर्ने।

(झ) पत्रपत्रिकामा प्रकाशित तथा विद्युतीय सञ्चारमाध्यमबाट प्रसारित असामाजिक र आपत्तिजनक बिषयवस्तु तथा प्रकाशित/प्रसारित सामग्रीहरूको सम्बन्धमा छानबिन र कारबाही गर्ने।

ञ) बीस वर्षसम्म पत्रकारितामा निरन्तर योगदानका आधारमा वरिष्ठ पत्रकारको उपाधि दिने।

(ट) पत्रकार तथा सञ्चारमाध्यमहरुलाई पुरस्कृत गर्ने, प्रोत्साहित गर्ने, अग्रज पत्रकारहरुको सम्मान गर्ने।

ठ) अनलाइनलगायत सबैखाले सञ्चारमाध्यमको अभिलेखीकरण गर्ने, सबैखाले समाचारमाध्यमलाई समान अवसर उपलब्ध गराउन वातावरण मिलाउने।

ड) योग्यतासम्बन्धी मापदण्ड तोकी पत्रकारहरुको अभिलेखीकरण तथा प्रेस पास वितरण र नवीकरण गर्ने।

ढ) गम्भीररुपमा आचारसंहिता उल्लंघनमा अनुशासनको कारबाही गर्ने, प्रेस पास निलम्बन, सुविधा रोक्का गर्ने।

ण) हुबहु पत्रकारितालाई दुरुत्साहन गर्ने।

त) विज्ञापन आचारसंहिता जारी गरी लागू गर्ने।

थ) मान्यताप्राप्त शैक्षिक संस्थाबाट पत्रकारिता विषय उत्तीर्ण गर्नेलाई आचारसंहितासम्बन्धी योग्यता परीक्षा लिई प्रमाणपत्र दिने ।

**८. काउन्सिलको बैठक र निर्णय :**

(१) अध्यक्षको निर्देशनमा सदस्य सचिवले काउन्सिलको बैठक बोलाउने छ ।

(२) काउन्सिलको कूल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ ।

(३) काउन्सिलको बैठक अध्यक्षको नेतृत्वमा बस्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले छानेको सदस्यबाट बैठक सञ्चालन हुनेछ ।

(४) विचाराधीन प्रत्येक विषयमा उपस्थित सदस्यहरूको बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(५) काउन्सिलको निर्णय अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) काउन्सिलको बैठकसम्बन्धी अन्य कार्यविधि काउन्सिल आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

(७) कुनै सदस्यले आफ्नो फरक मत वा राय दर्ता गराउन चाहेमा निर्णय पुस्तिकामा उल्लेख गर्न सक्नेछ ।

**९. काउन्सिलको अध्यक्ष पद रिक्त रहेको अवस्थामा बैठक र निर्णय :**

(१) काउन्सिलको अध्यक्ष पद रिक्त रही नेपाल सरकार, मन्त्रिपरिषदबाट नियुक्त भइनसकेको वा नियुक्त गरिएतापनि प्राबिधिक कारणबस बहाली हुन नसकेको अवस्थामा सदस्यहरुको सर्वसम्मति वा बहुमतीय निर्णयबाट कार्यवाहक अध्यक्ष मनोनयन गरी बैठक सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिम मनोनित अध्यक्षले अर्को व्यवस्था नभएसम्म कार्यवाहक अध्यक्षको हैसियतमा बैठक बोलाउन या काउन्सिलको सम्पूर्ण कामकारवाही सञ्चालन गर्नसक्नेछ ।

## परिच्छेद -३

**१०. काउन्सिलको सचिवालय तथा कार्यालय:** (१) काउन्सिलको एउटा छुट्टै सचिवालय हुनेछ । आवश्यकताअनुसार सात प्रदेशमा प्रदेश कार्यालय स्थापना गर्न सकिनेछ ।

(२) काउन्सिलको सचिवालयमा कार्यरत बरिष्ठतम प्रशासक बोर्डको सचिवको रुपमा रहनेछ ।

(३) काउन्सिलका प्रादेशिक कार्यालयहरुमा १ (एक) जना अधिकृत सहित आवश्यक कर्मचारी खटाइनेछ ।

## परिच्छेद -४

**११. समिति वा उपसमिति :** (१) काउन्सिलले आफ्नो कार्य सम्पादन गर्नका लागि आवश्यकताअनुसार बढीमा १५ वटासम्म समिति वा उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समिति वा उपसमितिको काम, कर्तव्य, अधिकार तथा कार्यविधि काउन्सिलले तोकेबमोजिम हुनेछ

**१२. पत्रपत्रिका वितरण सम्परीक्षण समिति :**

(१) नेपाल सरकारले काउन्सिलको परामर्श लिई एक पत्रपत्रिका वितरण संपरीक्षण समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिम गठित समितिमा देहायबमोजिमका सदस्यहरू रहनेछन् :

(क) प्रेस रजिस्ट्रार.............................................................................................. अध्यक्ष

(ख) प्रतिनिधि, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय.................................................. सदस्य

(ग) प्रतिनिधि, प्रेस काउन्सिल ...........................................................................सदस्य

(घ) लेखापरीक्षण संघ, विज्ञापन संघ वा एजेन्सी तथा व्यापारिक वा औद्योगिक संस्थाबाट एक/एकजनाका दरले नेपाल सरकारद्वारा मनोनित तीनजना व्यक्ति.................................................सदस्य

(३) काउन्सिलले तोकेको अधिकृत समितिको सचिव हुनेछ ।

(४) उप-दफा (२) को खण्ड (घ) बमोजिम मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ।

**१३. बिद्युतीय सञ्चारमाध्यम संपरीक्षण समिति गठन :**

(१) यो समितिमा बिद्युतीय पत्रकारिता हेर्ने काउन्सिलको समितिबाट सदस्य ...................................अध्यक्ष

(२) प्रतिनिधि, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय ...................................................................सदस्य

(३) बिद्युतीय सञ्चारमाध्यमसम्बन्धी संस्थाबाट काउन्सिलद्वारा मनोनित (महिलासहित) ३ जना ......... सदस्य

(४) काउन्सिलले तोकेको अधिकृत समितिको सचिव हुनेछ ।

(५) उप-दफा (३) बमोजिम मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ।

**१४. छापा तथा विद्युतीय संपरीक्षण समितिको काम, कर्तव्य र अधिकार :**

(१) पत्रपत्रिका वा विद्युतीय सञ्चारमाध्यमको अद्यावधिक अभिलेख राख्ने, र

(२) प्रकाशन संख्या, गुणस्तर, सामग्रीहरुको प्रभाव र पहुँचका आधारमा बर्गीकरण गर्ने।

(३) उपदफा (१ र २) मा लेखिएदेखि बाहेक समितिको अन्य काम, कर्तव्य र अधिकार र वर्गीकरण सम्बन्धी मापदण्ड तोकिएबमोजिम हुनेछ।

## परिच्छेद -५

**१५. पत्रकारको मापदण्डसम्बन्धी व्यवस्था :**

(१) पत्रकारको योग्यतासम्बन्धी मापदण्ड तोकी परिचयपत्र वितरण गर्ने

२) वरिष्ठ पत्रकारसम्बन्धी मापदण्ड तोकी उपाधि दिने।

३) पत्रकारहरुको अभिलेख राख्ने।

## परिच्छेद -६

**१६. काउन्सिलको कोष :**

(१) काउन्सिलको एउटा छुट्टै कोष हुनेछ । जसमा:

(क) नेपाल सरकारबाट प्राप्त वार्षिक बजेट

(ख) विदेशी सरकार वा संघसंस्थाबाट प्राप्त अनुदान वा सहायता रकम,

(ग) काउन्सिलले अन्य कुनै स्रोतबाट प्राप्त गरेको रकम रहनेछ ।

(२) वर्गीकरण गरेवापत सञ्चारमाध्यमबाट लेबी रकम, सेवा शुल्क लिन सकिनेछ । अन्तर्राष्ट्रिय सहयोग नियोगबाट आर्थिक अनुदान वा सहायता प्राप्त गर्नुअघि काउन्सिलले नेपाल सरकारलाई जानकारी दिनुपर्नेछ ।

(३) काउन्सिलको कोष सञ्चालन तोकिएबमोजिम हुनेछ ।

**१७. लेखा र लेखापरीक्षण :**

(१) काउन्सिलको आर्थिक हिसाब किताबको विवरण लेखा शाखाले राख्नेछ ।

(२) काउन्सिलको लेखा प्रणाली दोहोरो स्रेस्ता प्रणालीअनुसार हुनेछ ।

(३) आर्थिक बर्ष समाप्त भएको एक महिनाभित्र आन्तरिक लेखापरीक्षण गरी सक्नु पर्नेछ

(४) आर्थिक बर्ष समाप्त भएको ३ महिनाभित्र महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण गराई सक्नु पर्नेछ ।

## परिच्छेद -७

**१८ निर्देशन जारी गर्न सक्ने :**

(१) प्रेस काउन्सिलले छापा तथा बिद्युतीय पत्रकारिता र बिज्ञापन एजेन्सीहरुलाई राष्ट्रिय विपत्तीको बेला, लोकहित र पेशागत शुद्धताको निम्ति आवश्यक निर्देशन जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी निर्देशन पालना गर्नु सबैखाले सञ्चारमाध्यमको अनिवार्य दायित्व र कर्तव्य हुनेछ ।

**१९. आचारसंहिता बनाई लागू गर्ने :**

(१) प्रेस काउन्सिलले आफ्नो प्रमुख कर्तव्यको रुपमा बिद्युतीय तथा छापा पत्रकारिता एवं बिज्ञापनसम्बन्धी आचार संहिता बनाई लागू गर्नेछ ।

(२) काउन्सिलले लागू गरेका आचारसंहिताको सम्मान र कार्यान्वयन गर्नु सबैको समान कर्तब्य हुनेछ ।

**२०. अनुगमन, उजुरी र कारबाही :**

१) कुनै पत्रकारले व्यवसायिक आचारसंहिता उल्लंघन गरेमा कुनै पनि व्यक्ति वा संस्थाले काउन्सिलमा लिखित वा अनलाइन प्रक्रियाबाट उजुरी दिन सक्नेछ । स्वअनुगमन विधिबाट समेत काउन्सिलले तत्काल कारबाही प्रक्रिया अघि बढाउन सक्नेछ ।

(२) उजुरी गर्दा सोसम्बन्धी आधार-प्रमाणहरु संलग्न गर्नुपर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम कुनै उजुरी परेमा काउन्सिलले आवश्यक जाँचबुझ गरी देहायबमोजिम गर्न/गराउन सक्नेछ :

(क) उजुरी गर्ने पक्षसँग प्रकाशक या सम्पादकलाई मेलमिलाप गराउने, क्षमायाचना गर्न लगाउने, निजको भनाई सञ्चारमाध्यममा प्रकाशित/प्रसारित गर्न निर्देशन दिने । गम्भीर प्रकृतिका उजुरीहरुमा प्रेस इजलास गठन गरी सुनुवाई गर्ने ।

ख) प्रेस काउन्सिलले दिएको निर्देशन, आदेश अवज्ञा गर्ने र व्यावसायिक आचारसंहिता पटकपटक उल्लंघन गर्ने पत्रकारलाई निजले सरकारबाट पाउने सहुलियत वा सुविधा तोकिएको अवधिभरको लागि आंशिक वा पूरै रोक लगाउन सम्बन्धित निकायलाई निर्देशन दिने /सिफारिश गर्ने ।

(३) उपदफा (२) बमोजिम काउन्सिलको निर्णय, निर्देशन निर्णय पालन नगर्ने छापा तथा बिद्युतीय-माध्यममा संलग्न पत्रकार, बिज्ञापनदाता (कम्पनी वा व्यक्ति), प्रकाशक/सम्पादक/रिपोर्टरसमेत उपर काउन्सिलले खेद प्रकट गरी आदेश, निर्देशन र आचारसंहिता पालना नगरेवापत अवज्ञाकारी भनी सार्वजनिकरुपमा सूचना प्रकाशित गर्ने ।

(४) उपदफा (२) वा (३) बमोजिम निर्णय गर्नुअघि काउन्सिलले सम्बन्धित पत्रकार, सम्पादक र बिज्ञापन व्यवसायीलाई स्पष्टिकरण पेश गर्न मौका दिने । इमान्दारीपूर्वक क्षमायाचना गरेमा माफीसमेत दिन सकिनेछ ।

(५) उपदफा (४) बमोजिम सफाईको मौका र सुधारको अवसर दिँदा पनि नसच्चिए वा सफाई पेश नगरेमा प्रेस पास रद्द गर्न, वर्गीकरणबाट हटाउन, कुनैपनि सुविधामा रोक लगाउन र सम्बन्धित निकाय वा कार्यालयमा कानुनी कारबाहीका निम्ति लेखी पठाउन सक्नेछ ।

(६) सञ्चारमाध्यममार्फत् गरिने गम्भीर प्रकृतिका अपराध, गालीबेइज्जती, अवहेलनासम्बन्धी उजुरी पर्न आएमा काउन्सिलले सम्बन्धित निकायलाई कारवाही चलाउन दिशानिर्देश गर्न सक्नेछ ।

## परिच्छेद -८

## बिबिध

२१. **अधिकार प्रत्यायोजन** : यस ऐनबमोजिम प्राप्त अधिकार काउन्सिलले नेपाल सरकारबाट मान्यताप्राप्त कुनै निकायलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२२. **नेपाल सरकारसँग सम्पर्क** : काउन्सिलको नेपाल सरकारसँग सम्पर्क सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत हुनेछ ।

२३. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य पूर्तिका लागि प्रेस काउन्सिलद्वारा मस्यौदा तयार गरी नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

२४. **विनियम बनाउने अधिकार** : काउन्सिलले आफ्नो कार्य सञ्चालनका लागि यो ऐन र नियमावलीको अधीनमा रही आवश्यक विनियम बनाएर लागू गर्न सक्नेछ ।

२५. **निर्देशिका बनाउन सक्ने** : (१) प्रेस काउन्सिलले आवश्यकताअनुसार निर्देशिका वा दिग्दर्शन बनाई प्रकाशन वा लागू गर्न सक्नेछ ।

२६. **खारेजी र बचाऊ** :(१) प्रेस काउन्सिल ऐन,२०४८ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज भएको ऐन बमोजिम भए गरेको कामकारबाही यसै ऐनबमोजिम भए गरिएको मानिने छ ।